नेपाल सरकार
परराष्ट्र मन्त्रालय

# राहदानी विभाग

नारायणहिटी, काठमाण्डौ

NS/ISO 9001:2015 प्रमाणिकृत नेपालको पहिलो सरकारी निकाय
"गुणस्तरीय, पारदर्शी एवं सेवाग्राहीमैत्री सेवा"

मितिः २०७५।०३।१९

प.सं.।डि.ओ.पी.।Admin।७४।७५

च.नं. ५३८

श्री अर्थ मन्त्रालय,
सिंहदरबार।

विषयः सुझाव पठाउने सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस विभागले सन् २०१० देखी MRP जारी गरिरहेको र हालको MRP आपूर्ति गर्ने सम्झौता निकट भविष्यमा समाप्त हुन गै रहेकोले सो सम्झौताको समाप्ति पश्चात नयाँ डिजाइनको राहदानी जारी गर्ने विषयमा अध्ययन गरी सुझाव दिन एक समिति गठन भएको छ। उक्त समितिको बैठकले अब जारी गरिने विद्युतीय राहदानी (ई-पासपोर्ट) पुस्तिकाको डिजाईन गर्दा राहदानीको विभिन्न भाग र विशेषगरी भित्री पानामा नेपालको पहिचान झल्काउन सक्ने चित्र/तस्विरहरु राख्न उपयुक्त हुने भएकोले सबै मन्त्रालय तथा सातैवटा प्रदेशहरुसँग आ-आफ्ना क्षेत्रसँग सम्बन्धित सांस्कृतिक, प्राकृतिक, भौगोलिक, पुरातात्विक, ऐतिहासिक र जैविक विविधता र गौरव झल्कने प्रकारका उच्च गुणस्तरका कम्तीमा दुईवटा डिजिटल तस्विर/चित्रहरु सुझाव गरी पठाउन अनुरोध गर्ने निर्णय गरेकोले सोही अनुसार सुझाव पठाउने व्यवस्था हुनका लागि निर्देशानुसार अनुरोध छ।

(तीर्थराज अर्याल)
निर्देशक

**बोधार्थः**
श्री परराष्ट्र मन्त्रालय,
नी. यो. वि. कु. तथा वि.र.ने. सम्बन्धी महाशाखा,
सिंहदरबार काठमाण्डौ।